# काठेखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बिहुँकोट, बागलुङ

प.सः ०८२/८३ गण्डकी प्रदेश, नेपाल

च.नः

मितिः २०८२।०४।०५

## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना !!!

सूचना नं-४

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२।०४।०५**

प्रस्तुत् विषयका सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा २ को खण्ड घ (४) र काठेखोला गाउँपालिको आर्थिक ऐन, २०८२ को दफा ६ तथा अनुसूची-३ बमोजिम आ.व. २०८२/०८३ का लागी यस गाउँपालिका क्षेत्रभित्रको कवाडी मालबस्तुहरु संकलन तथा निकासी गर्ने कार्य ठेक्कापट्टा बाट बढाबढ प्रतिशपर्धा मार्फत गर्ने गराउने गरी यस कार्यालयबाट निर्णय भएकाले ईच्छुक फर्म तथा ब्यक्तिबाट तपशिलमा उल्लेखित विषय र सर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र पेश गर्नेगरी गोप्य शिलबन्दी दरभाउपत्र आह्वान गरीन्छ ।

| क्र.सं. | विषय | कार्यालयले तोकेको न्यूनतम मुल्य | ठेक्का लाग्ने अवधी | बोलपत्र नं. |
|---|---|---|---|---|
| १. | यस गाउँपालिकाको क्षेत्रभित्र बाट निकासी भई जाने पुन प्रयोग हुने नहुने कवाडी/माल बस्तुहरु संकलन तथा निकासी | रु. ६५,०००।– (मु.अ. कर बाहेक) | २०८२ साउन महिना देखि २०८३ असार मसान्त सम्म | **KRM/R-1/2082-083** |

**सर्तहरुः-**

१. यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा रु. १०००।– सेवा शुल्क तिरि दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिनको १२ बजे सम्म बोलपत्र फाराम खरीद गर्न सकिने छ।

२. प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ औं दिनको दिउसो २ बजे सम्म बोलपत्र दाखिला गर्न सकिने छ । सोहि दिनको दिउसो ३ बजे कार्यालय प्रतिनिधि र बोलपत्र दाताको रोहबरमा कार्यालयमानै बोलपत्र खोलिने छ ।उक्त दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोलिनेछ ।बोलपत्र दाता उपस्थित नभएको खण्डमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

चुर्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

kathekholagahunpalika123@gmail.com

# काठेखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ

प.सः ०८२/८३ गण्डकी प्रदेश, नेपाल

च.नः

---

३. आफुले कबोल गरेको अंकको ५% धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड, बागलुङमा रहेको धरौटी खाता नं ०२२०३०००००३००००००००२ मा जम्मा गरी सोको सक्कलै भौचर सहित पेस गर्नु पर्नेछ।

४. कार्यालयको छाप र कार्यालय प्रमुखबाट प्रमाणित नभएको दरभाउ पत्र फारामलाई मान्यता दिईने छैन। दरभाउपत्र साथ नागरीकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म भए फर्म दर्ता प्रमाण पत्र, फर्म नविकरण, आयकर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

५. जुन ब्यात्ति वा फर्मको नामबाट दरभाउपत्र खरीद भएको हो सोही ब्यात्ति वा फर्मको नामबाट मात्र दरभाउ पत्र दर्ता गर्न सकिनेछ। अन्य ब्यात्ति वा फर्मबाट दर्ता गराईएको दरभाउपत्रलाई मान्यता दिईने छैन।

६. प्रत्यक दरभाउ पत्रको छुट्टा छुट्टै खाममा आफुले कबोल गर्न चाहेको विषय वा शिर्षकको सूचनामा उल्लेखित बोलपत्र नंम्वर र शिर्षक लेखी बोलपत्र शिलबन्दी गरी पेश गर्नुपर्ने छ ।

७. दरभाउ पत्र सकारे बापत नियमानुसार आफुले बुझाउन पर्ने सम्पूर्ण रकम ठेकदार स्वयंले बुझाउन पर्ने छ। सम्झौताको लागी स्वीकृत दरभउ पत्र दाताले आफुले कबोल गरेको कुल रकम तीन किस्ता गरी बुझाउन सक्ने छ। यसरी बुझाउने किस्ता मध्ये प्रथम किस्ता बापत ५०% रकम सम्झौता गर्ने समयमा बुझाउनु पर्ने छ। बाँकी रकमको हकमा नेपाल सरकारको मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा २०८३ मंसिर मसान्त सम्मका लागी जारी भएको अग्रिम भुक्तानी बैंक ग्यारेन्टी वा नगद जमानत पेश गर्नु पर्ने छ।

८. आफूले कबोल गरेको ठेक अंकको रकम एकमुस्ट अग्रिम बुझाउने दरभाउ पत्र दातालाई कबोल अंकको **५%** सम्म छुट दिई सम्झौता गर्न सकिने छ। तर धरौटीको रकमलाई सो रकममा समाबेस गरींने छैन।

९. काठेखोला गाउँपालिकालाई तिर्नु पर्ने रकम तथा जिन्सी सामानहरु बक्यौता देखिएमा त्यस्ता ब्यात्तिहरु र तीनका एकासंगोलमा रहेका परीवारको ब्यात्तिहरुको नाममा समेत बोलपत्र स्वीकृत गरीने छैन।

१०. दरभाउपत्र स्वीकृत गर्ने, आंसिक स्वीकृत गर्ने र स्वीकृत नगर्ने सम्पूर्ण अधिकार काठेखोला गाउँपालिकामा सुरक्षित रहने छ ।

११. स्विकृत बोलपत्रदाताले संकलन केन्द्रमा कर दस्तुर उठाउने बस्तुको स्पस्ट मुल्य सूचि राख्नु पर्नेछ।

१२. अन्य कुनै कारण देखाई कार्यालयमा मिनाहा माग गर्न पाईने छैन।

१३. प्रदेश सरकार र यस कार्यालयबाट समय समयमा दिइएको नीति निर्देशनहरु पालना गर्नु सम्बन्धित ठेकेदारको कर्तव्य हुनेछ ।

चुर्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

# काठेखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ

प.सः ०८२/८३ गण्डकी प्रदेश, नेपाल
च.नः

१४. खरिद प्रकृया सम्बन्धमा केही अस्पस्टता भएमा आपसी सहमतिबाट टुङ्गो लगाईने छ। यदि सहमति हुन नसके गाउँपालिकाको निर्णय अन्तिम हुने छ।

१५. बोलपत्र स्विकृत भएको ७ दिन भित्र सम्झौता गर्नको लागी कार्यालयमा सम्पर्क गरी सक्नु पर्ने छ। तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरी नियमानुसार ठेक्का व्यबस्थापन प्रक्रिया अगाडी बढाईनेछ।

१६. यसमा उल्लेख नभएको थप कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

.................................
चूर्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

kathekholagahunpalika123@gmail.com